REG.NO. 1289/067/068

# यूनिभर्सल पावर कम्पनी लिमिटेड
# Universal Power Company Limited

Ref No:- UPCL/EL/115/082/83

मिति : माघ २९, २०८२

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय :- २०८२/०८३ को दोश्रो त्रैमासिक विवरण प्रकाशित गरिएको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस यूनिभर्सल पावर कम्पनी लिमिटेडको आ.व. २०८२/८३ को दोश्रो त्रैमासिक विवरण (धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ बमोजिम) मिति माघ २९, २०८२ मा आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको कुरा यहाँ समक्ष जानकारी गराउँदछौं ।

**संलग्न :**

१. आ.व. २०८२/८३ को दोश्रो त्रैमासिक वित्तिय विवरण ।

भवदीय,

हरी पन्थी
परिपालन अधिकृत

**बोधार्थ :**

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार, काठमाण्डौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
श्री विद्युत नियमन आयोग, सानो गौचरन, काठमाण्डौं ।

Bluestar complex, Tripureshwor-11, Kathmandu, Nepal Tel: 01-4101097, 01-4251463,
Email: universal2067@gmail.com, Web: www.universalpowercompany.com.np

वर्ष २१ । अंक १३२ । काठमाडौं । बिहीवार, २९ माघ २०८२ । Thursday, 12 February 2026 । पृष्ठ ८+४+४+४+४+२ । मूल्य रू. १०

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

# आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक प्रतिवेदन

## यूनिभर्सल पावर कम्पनी लिमिटेड

ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं ।

फोन: ०१-५३५१४६३

**१) वित्तीय विवरण** :

क) आ.व.२०८२/०८३ को दोस्रो त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तीय अवस्थाको विवरण तथा आय विवरण ।

### वित्तीय अवस्थाको विवरण

*(रकम रु. मा)*

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | पुष मसान्त २०८२ सम्मम | असोज मसान्त २०८२ सम्मम | पुष मसान्त २०८१ सम्मम |
| **सम्पत्ति** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| स्थिर सम्पत्ति | २,८७९,०६४,६६१.७३ | २,८८६,६०७,४२०.६० | २,९०३,८०६,७००.१० |
| पूँजीगत कार्य प्रगति | ८०,२२४,००४.५६ | ७८,६८२,३९४.५६ | ७४,७०२,०५७.०१ |
| लगानी | ८४७,६७६,१९७.४० | ८३७,९९४,९८५.९० | ६६४,८५३,७५३.७८ |
| **जम्मा गैह्र चालु सम्पत्ति** | **३,८०६,९६४,८६३.६९** | **३,८०३,२८४,८०१.०६** | **३,६४३,३६२,५१०.८९** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | १३३,८४५,४७०.९९ | १२२,०४६,४०१.०२ | ८५,९००,७९६.९२ |
| मुद्दती निक्षेपमा लगानी | - | - | १७०,०००,०००.०० |
| आसामीहरु | ४३,९८४,३९३.९६ | ६१,६६४,४१४.५६ | ४२,५५६,७२८.८५ |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | ९१,९१८,४३५.९९ | ७२,२२२,३९३.०८ | ७१,५०२,३३८.४२ |
| **जम्मा चालु सम्पत्ति** | **२६९,७४८,२२०.९४** | **२५५,९३३,१२८.६६** | **३६९,९५९,८६४.१९** |
| **जम्मा सम्पत्ति** | **४,०७६,७१३,०८४.६३** | **४,०५९,२१७,९२९.७२** | **४,०१३,३२२,३७५.०८** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी तथा जगेडा कोष** | | | |
| शेयर पूँजी | २,४८५,१२३,६१८.२५ | २,२७९,९२९,९२५.०० | २,२७९,९२९,९२५.०० |
| जगेडा कोष र संचित नाफा | १५०,७६१,४५८.५१ | ३३६,६२७,३७२.७६ | २६०,१२०,४८७.६० |
| **जम्मा पूँजी तथा जगेडा कोष** | **२,६३५,८८५,०७६.७६** | **२,६१६,५५७,२९७.७६** | **२,५४०,०५०,४१२.६०** |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| दीर्घकालीन बैंक ऋण | १,३५२,३७२,६६६.८९ | १,३६८,३७२,५८३.८७ | १,४१२,३००,३४७.८२ |
| **जम्मा गैह्र चालु दायित्व** | **१,३५२,३७२,६६६.८९** | **१,३६८,३७२,५८३.८७** | **१,४१२,३००,३४७.८२** |
| **चालु दायित्व र व्यवस्था** | | | |
| व्यापारिक र अन्य दायित्व | ८३,८३६,०४१.३२ | ६९,६९६,५००.१६ | ५७,०९३,९६६.९१ |
| अल्पकालीन बैंक ऋण | - | - | - |
| अन्य व्यवस्थाहरु | ४,६१९,२९९.६६ | ४,५९१,५४७.९३ | ३,८७७,६४७.७५ |
| **जम्मा चालु दायित्व तथा व्यवस्थाहरु** | **८८,४५५,३४०.९७** | **७४,२८८,०४८.१०** | **६०,९७१,६१४.६६** |
| **जम्मा पूँजी तथा दायित्व** | **४,०७६,७१३,०८४.६३** | **४,०५९,२१७,९२९.७२** | **४,०१३,३२२,३७५.०८** |

### आय विवरण

*(रकम रु. मा)*

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | पुष मसान्त २०८२ सम्मम | असोज मसान्त २०८२ सम्मम | पुष मसान्त २०८१ सम्मम |
| कुल आम्दानी | १७३,८२३,६७२.५९ | ९५,३५८,३५३.९७ | २०८,८४९,३६३.३३ |
| विद्युत उत्पादन खर्च | (१८,६१६,१४३.८५) | (७,५५०,१३०.०७) | (१८,९६१,२२२.८८) |
| प्रशासनिक खर्च | (११,७२८,७२१.११) | (५,६९०,६१९.७३) | (१०,५५८,७२१.४१) |
| ह्रासकट्टी | (१५,२२४,३७०.८७) | (७,६०७,५५७.००) | (१४,९५४,७५७.५०) |
| वित्तीय लागत | (४४,५२७,०११.९२) | (२०,९०९,९९१.५०) | (५०,६३४,८२४.३४) |
| **खुद नाफा/(नोक्सान)** | **८३,७२७,४२४.८३** | **५३,६००,०५५.६८** | **११३,७३९,८३७.१९** |

*नोट:*

माथि उल्लेखित अंकहरु आवश्यकता अनुसार पुन:वर्गीकरण गर्न सकिने छ ।

लेखा परीक्षण नभएका अंकहरु लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु सम्बन्धी विवरण निम्नाअनुसार छन् :**

| अवधी | प्रतिशेयर आम्दानी रु. (वार्षिकिकरण) | प्रतिशेयर नेटवर्थ रु. | तरलता अनुपात | प्रतिशेयर कुल सम्पतीको मूल्य रु. | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्य सम्मम | ६.७४ | १०६.०७ | ३.०५ | १६४.०४ | ५३.४४ |

**२) व्यवसायिक विश्लेषण** :

**क) त्रैमासिक अवधीमा कम्पनीको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:**

यस कम्पनीले दोलखा जिल्लाको गौरीशंकर गाँउपालिकाको वडा न. ६ मा ११ मेगावाट क्षमताको तल्लो खारे खोला जलविद्युत आयोजनाबाट विद्युत उत्पादन गर्दै आई रहेको छ । हाल २०८२ पुष मसान्त सम्मको बिल रकम सहित रु ४,३९,८४,३१३.९६ (अक्षरमा: रू. चार करोड उन्नचालीस लाख चौरासी हजार तीन सय तेह्र छ्यान्नवे पैसा मात्र) आसामी बापतको रकम नेपाल विद्युत प्राधिकरणको नाममा रहेको छ । गत साउन २३, २०८२ मा अप्रत्यासित रूपमा भएको अविरल वर्षाको कारणले आयोजनाको Headworks को under sluice area मा ढुङ्गाहरू आएर पानी अवरूद्ध भई क्षति पुग्न गएको साथै काबु बाहिरको परिस्थिती सृजनाको कारण तल्लो खारे खोला जल विद्युतको उत्पादन साउन २३, २०८२ देखि १२ दिन सम्म पुर्ण रूपमा आयोजना बन्द रहेको थियो तत्पश्चात भाद्र २०, २०८२ सम्म आंशिक रूपमा संचालन भई र भाद्र २० पछि पूर्ण रूपमा आयोजना संचालनमा आएको थियो जसको कारण आम्दानीमा प्रत्यक्ष असर पर्न गएको छ ।

**ख) आगामी अवधीको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**

यस कम्पनीबाट लगानी गरिएको राप्ती हाइड्रो एण्ड जनरल कन्सट्रक्सन लिमिटेडद्वारा प्रर्वधित (रूकुम गाढ जलविद्युत आयोजना ५ (मेगावाट) आयोजनाको निर्माण सम्पन्न गरी विधुतको व्यापारीक उत्पादन शुरू भईसकेको छ तथा सो कम्पनीको शेयर नेपाल धितोपत्र बजारमा सुचिकृत भई कारोबार भईरहेको छ । साथै, यस कम्पनीबाट लगानी गरिएको माथिल्लो इड्खु खोला जलविद्युत आयोजना (२४.२२ मे.वा) को नेपाल विद्युत प्राधिकरण संग विद्युत खरिद बिक्री संम्झौता प्रकृयामा रहेको छ । साथै विद्युत विकास विभाग संग विद्युत उत्पादन अनुमति पत्रको प्रकृयामा रहेको छ ।

कम्पनीले आ.व. २०८१/८२ सम्मको संचित नाफा बाट कुल चुक्ता पुंजीको ९ प्रतिशत बोनश शेयर र ०.४७३७ प्रतिशत नगद लाभांश कर प्रयोजनको लागी सोही वर्षको वार्षिक साधारण सभाबाट पारित गरेको छ । साथै कम्पनीले दीर्घकालीन ऋण चुक्ता गर्न र माथिल्लो छुजुङ्ग खोला जलविद्युत आयोजना ४०.७ मे.वा. मा लगानी गर्ने उद्देश्यले १:१ को अनुपातमा हकप्रद शेयर जारीको लागी आ.व. २०८१/८२ को वार्षिक साधारण सभाबाट पारित भई विद्युत नियमन आयोगको अनुमतिको लागी आवेदन पेश गर्ने प्रकृयामा रहेको छ ।

**ग) विगतको अनुभवबाट, संगठित कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:**

विश्वव्यापी जलवायु परिर्वतनको कारणले खोलाहरूमा आउने बाढीको कारणले विद्युत उत्पादनमा असर पुग्न गई आम्दानीमा कमी आउनसक्ने छ जसले गर्दा कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकुल असर पर्ने देखिन्छ । साथै मानवीय नियन्त्रण भन्दा बाहिरको दैविक प्रकोप (काबु बाहिर) को असर भने सदा रहिरहने छ ।

**घ) आयकर**:

जलविद्युतको व्यापारिक उत्पादन सुरू गरेको मितिले पहिलो दश वर्षसम्म पूरै आयकर छुट पाउने र त्यस पछिको पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउने व्यवस्था रहेको जानकारी गराउन चाहन्छु ।

**३) कानूनी कारबाही सम्बन्धी विवरण** :

यस त्रैमासिकमा कम्पनीले कसै विरूद्ध र कसैले कम्पनी विरूद्ध साथै संस्थापक र संचालक विरूद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

**४) कम्पनीको शेयर कारोबार सम्बन्धी विश्लेषण**:

**क) धितोपत्र बजारमा कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा कम्पनीको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार:**

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रू. | अन्तिम मूल्य रू. | कारोबार भएको कुल दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| ३९२.७० | ३४३.१० | ३६०.१० | ५५.०० | १९,९७७.०० |

**ख) धितोपत्र बजारमा भएको संगठित कम्पनीको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**

यस कम्पनीको साधारण शेयरको मूल्य शेयर बजारमा हुने खुल्ला कारोबारले निर्धारण गर्ने हूँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

**५) समस्या तथा चुनौती** :

कम्पनीले वहन गर्नु परेको समस्या तथा चुनौतीहरू बजारमा रहेको यस्तै प्रकृतिको अन्य संस्था सरह नै छन् । अन्य समस्या र चुनौती समाधानका उपायहरू बारेमा संचालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ ।

**६) संस्थागत सुशासन** :

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

**७) सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र